श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१९ सालको ऐन नं. ५५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### राजा रजौटा ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– राजा रजौटा ऐन, २०१७ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो ऐनको नाम "राज्य रजौटा (प्रथम संशोधन) ऐन, २०१९" रहेको छ ।

(२) मूल ऐन प्रारम्भ भएको मितिदेखि यो ऐन प्रारम्भ भएको मानिनेछ ।

२. मूल ऐनको दफा ३ मा संशोधनः– (१) मूल ऐनको दफा ३ को उप–दफा (१) को खण्ड (ग) र (घ) को सट्टा देहाय बमोजिमको खण्ड (ग) राखिएको छः–

(ग) मुस्तांगी राजा

(२) मूल ऐनको दफा ३ को उप–दफा (२) को सट्टा देहायको उप–दफा (२ राखिएको छः–

(२) यो ऐन बमोजिम समाप्त गरिएका राज्यका देहायका वर्तमान राजा रजौटाहरूले मिजको जीवनभरलाई मात्र धारण गर्न पाउने गरी प्रदान गरिएको छः–

(क) भिर्कोट राजा

(ख) दरनाली राजा

(ग) बाजुरा राजा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) बल्हारी राजा
(ङ) गल्कोटे राजा
(च) गुल्मेली राजा
(छ) गल्ह्यैंकोटे राजा
(ज) मालनेटी राजा
(झ) बुल्लुका राजा
(ञ) पर्वते राजा
(ट) नुवाकोटे राजाका नाति रामविक्रम शाह
(ठ) प्यूठाना खुम्रिकोटे राजा
(ड) प्यूठाना उदयपुर राजाका छोरा शान्तराज कार्की ।

लालमोहर सदर मितिः– २०१६।१२।३०।६.

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह–सचिव,
कानून तथा न्याय मन्त्रालय

श्री ५ को सरकार
## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१६ सालको ऐन नं. ५६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### क्षतिपूर्तिको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– नेपाल कानून बमोजिम श्री ५ को सरकारले प्राप्त गरेको वा प्राप्त गरिने सम्पत्तिको क्षतिपूर्ति दिन वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो ऐनको नाम "क्षतिपूर्ति ऐन, २०१६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

393

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "सम्पत्ति" भन्नाले प्रचलित नेपाल कानून बमोजिम प्राप्त गरेको वा प्राप्त गरिने जुनसुकै सम्पत्तिलाई सम्झनुपर्छ,

(ख) "धनी" भन्नाले ष्टक पाएको वा सो ष्टकमा हक भएको व्यक्तिलाई सम्झनुपर्छ,

(ग) "ष्टक" भन्नाले यस ऐन अन्तर्गत निष्काशित गरिएको ष्टकलाई सम्झनुपर्छ,

(घ) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंकलाई सम्झनुपर्छ,

(ङ) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनुपर्छ ।

३. कुनै सम्पत्ति प्राप्त गर्न सकिनेः– (१) सार्वजनिक हितको लागि कुनै सम्पत्ति प्राप्त गर्न आवश्यक सम्झेमा श्री ५ को सरकारले सो सम्पत्ति प्राप्त गर्न सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम प्राप्त गरिएको सम्पत्तिको क्षतिपूर्तिको अंक श्री ५ को सरकारबाट तोकिएको अधिकारीले निर्धारण गर्न सक्नेछ ।

(३) उप–दफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको अंकमा चित्त नबुझ्ने व्यक्तिले सो निर्धारणको सूचना पाएको मितिले ३५ दिनभित्र श्री ५ को सरकारमा उजूर गर्न सक्नेछ र श्री ५ को सरकारबाट भएको निर्णय अन्तिम हुनेछ ।

(४) माथि जेसुकै लेखिएको भए तापनि कुनै सम्पत्तिको क्षतिपूर्ति प्रचलित कानून बमोजिम तोकेको भए सोही बमोजिम निर्धारण भई यो ऐन अन्तर्गत क्षतिपूर्ति दिन सकिनेछ ।

४. क्षतिपूर्ति दिनेः– कुनै नेपाल कानून बमोजिम उन्मूलन भएको, प्राप्त गरिएको वा प्राप्त गरिने सम्पत्तिको क्षतिपूर्ति यस ऐन अन्तर्गत ष्टकको रूपमा दिन सकिनेछ ।

तर श्री ५ को सरकारले चाहेमा क्षतिपूर्ति पाउनेलाई नगदकै रूपमा पनि दिन सक्नेछ ।

५. ष्टक निष्काशित गर्ने अधिकारः– यस ऐन अन्तर्गत दिइने क्षतिपूर्तिको लागि तोकिए बमोजिमको ढांचाको ष्टक आवश्यकतानुसार श्री ५ को सरकार वा बैंकले निष्काशित गर्न सक्नेछ ।

६. ष्टकको सांवा र ब्याजको भुक्तानीः– प्रचलित नेपाल कानूनमा जेसुकै लेखिएको भए तापनि धनी वा निजले इच्छाएको व्यक्तिलाई श्री ५ को सरकारको तर्फबाट बैंकले ष्टकमा उल्लेख भए बमोजिमको सांवा र ब्याजको भुक्तानी दफा ७ को अधीनमा रही दिनेछ ।

३९४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. भुक्तानी अवधि र ब्याजको दरः– (१) ष्टकको भुक्तानी अवधि र ब्याजको दर देहाय मा तोकिएको माथिल्लो हदमा नबढाई श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिन सक्नेछः–

(क) भुक्तानी अवधि २० वर्ष,

(ख) ब्याजको दर ५ प्रतिशत।

(२) उप–दफा (१) मा जेसुकै लेखिएको भए तापनि श्री ५ को सरकारले चाहेमा कुनै सम्पत्ति उन्मूलन वा अधिग्रहण गरिएको मितिदेखि नै ब्याजको रकम दिन सक्नेछ।

८. ष्टकको ट्रष्टी बैंक हुनसक्नेः– (१) यस ऐन बमोजिम दिइएको ष्टकको ट्रष्टी बैंक हुन सक्नेछ।

(२) बैंकले धनीको नाम आफ्नो खातामा दर्ता गरी निजलाई तोकिए बमोजिमको निस्सा दिनुपर्छ।

(३) धनीले चाहेमा बैंकले निजको ष्टकलाई आफ्नो जिम्मामा लिई वर्ष मा दुई पटकमा नबढाई तोकिए बमोजिमको ब्याजको भुक्तानी दिन सक्नेछ।

९. ष्टकको व्ययभारः– यस ऐन अन्तर्गत दिइएको ष्टकको भुक्तानीको रकम सञ्चित कोषप्रति व्ययभार हुनेछ।

१०. ऋण मोचन कोष खडा गर्न सक्नेः– श्री ५ को सरकारले यो ऐनको प्रयोजनको लागि ऋण मोचन कोष खडा गर्न सक्नेछ।

११. ष्टक सम्बन्धी कारवाइः– यस ऐन बमोजिम निष्काशित ष्टक सम्बन्धी कारवाइ बैंकले मात्र गर्न सक्नेछ र सो कारवाइ गर्दा श्री ५ को सरकारबाट स्वीकृत ढांचामा ष्टकको आर्थिक स्थिति बारेको रिपोर्ट समय समयमा श्री ५ को सरकारमा दिनुपर्छ।

१२. ष्टकको नामसारीः– धनीले ष्टकको नामसारीको लागि लिखित अनुरोध गरेमा बैंकले तोके बमोजिमको फीस ली सबै कुरा बुझी नामसारी गरिदिन सक्नेछ।

१३. कुनै ष्टकको धनीको सम्बन्धमा झै झगडा उत्पन्न भएमाः– कुनै ष्टकको धनीको सम्बन्धमा कुनै किसिमको शंका झै झगडा उत्पन्न भएमा अदालतबाट ठहरे बमोजिम हुनेछ।

१४. बिर्ता उन्मूलन ऐन, २०१६ मा संशोधनः– बिर्ता उन्मूलन ऐन, २०१६ मा देहाय बमोजिम संशोधन गरिएको छः–

(क) दफा ६ को उप–दफा (१) मा रहेका सोही अनुसूचीमा लेखिएको रीत बमोजिम भन्ने शब्दहरूलाई झिकिएको छ।

(ख) भइरहेको अनुसूचीको "क्षतिपूर्तिको रीत" मा रहेका वाक्यहरूलाई झिकिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।